**Reg. No. 681** **SWC Aff. No. 15556**

दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागि :

# राष्ट्रिय दलित नेटवर्क नेपाल

# Rastriya Dalit Network (RDN) Nepal

केन्द्रीय कार्यालय, कैलाली, सम्पर्क कार्यालय, अनामनगर काठमाण्डौं

दलित संसद सचिवालय,
अनामनगर, सहयोगमार्ग, काठमाडौं
फोन तथा फ्याक्स नं.०१-४२४४८०१
मोवाइल नं. ९८५१०८२७३३

**बिषय : दलित संसदको आठौं अधिवेशन सम्बन्धी सूचना ।**

**माननीय सदस्यहरु,**
**दलित संसद ।**

**दलित संसद** नेपाली दलित आन्दोलनमा समर्पित दलित एक्टीभिष्टहरु, दलित राजनीतिक संगठनहरु र यिनका शुभचिन्तक सामाजिक अभियानकर्मीहरुको अनुभव आदान प्रदान गर्ने एक साझा थलो हो । दलित सवाललाई पहिचान, प्रतिनिधित्व र पहुँच सहित सार्थक वहसमा ल्याउने र राज्यलाई दबाब सहित सुझाव दिने उद्देश्यले वि.सं.२०६० देखि यसको शुभारम्भ गरिएको थियो ।

**दलित संसदको नियमित आठौं अधिवेशन** यही २०६८ भाद्र ८ गतेका दिन विहान ठिक ११ बजेदेखि काठमाडौंमा शुरु हुन गइरहेको व्यहोरा सगौरव अवगत गराउन चाहन्छौं । यस सम्बन्धी सूचना सम्पूर्ण माननीय सदस्यज्यूहरुलाई पत्र मार्फत पठाई सकिएको छ । यदि कारणवश कुनै माननीय सदस्यज्यूहरुले पत्र प्राप्त गर्न नसक्नु भएको भए यसै सूचनालाई आधार मानी अनिवार्य उपस्थित हुनको लागि अनुरोध गरिन्छ । साथै यो अधिवेशनमा नयाँ संविधानको पहिलो मस्यौदा, हलिया सम्बन्धी विशेष नीति, नेपाल सरकारको नीति तथा कार्यक्रम र वजेटको दलितमुखी तुलनात्मक विश्लेषण, दलित समुदायको आर्थिक सामाजिक रुपान्तरणको दलित अधिकार दशक सम्वन्धी विधेयकमा दफावार छलफल गरिने व्यहोरा समेत सादर अनुरोध गरिन्छ ।

**आठौं दलित संसद** यस्तो सुनौलो अवसरमा आयोजना भईरहेको छ जुनबेला नेपालको इतिहासमा पहिलो पटक **जातीय भेदभाव तथा छुवाछूतको कसुर र सजायको सम्बन्धमा व्यवस्था गर्न बनेको विद्येयक २०६८** पारित भएको छ । नेपाल सरकारद्वारा जेष्ठ २१ लाई जातीय भेदभाव तथा छुवाछूत उन्मुलन राष्ट्रिय दिवस घोषणा गरिएको छ । संविधानका विवादित विषयमा सहमति खोज्दै नयाँ संविधानको पहिलो मस्यौदा आउने अन्तिम तयारी भइरहेको छ । त्यसैले यस ऐतिहासिक महत्व बोकेको आठौं दलित संसदमा उपस्थित भई चालु शान्ति प्रक्रिया, संविधान निर्माण र राज्य पुनःसंरचनाका विषयमा दलितमैत्री अवधारणा प्रस्तुत गर्न हुन हार्दिक अनुरोध समेत गरिन्छ ।

**गणेश बि.के.**
**सभामुख, दलित संसद**